# जनता समाजवादी पार्टी, नेपाल
PEOPLE'S SOCIALIST PARTY, NEPAL
केन्द्रीय कार्यालय, बालकुमारी, ललितपुर


प. सं. : २०८२/०८३
च. नं. : ५२

स्थापना २०७७ जनता समाजवादी पार्टी, नेपाल केन्द्रीय समिति २०७७ PEOPLE'S SOCIALIST PARTY, NEPAL

१६ मंसिर, २०८२

श्री केन्द्रीय कार्यकारिणी समिति सदस्यहरू/
केन्द्रीय समिति सदस्यहरू/प्रदेश समिति/ विशष प्रदेश समिति/पहिचानमा आधारित राष्ट्रिय समितिहरू/ जिल्ला समिति/ विशेष जिल्ला समिति/ पालिका समिति/भातृ/ जनवर्गीय सङ्गठनका केन्द्रीय समितिहरू ।

विषय : परिपत्र

मिति २०८२ साल मङ्सीर १६ गते संघीय संसदीय बोर्डका अध्यक्ष श्री उपेन्द्र यादवज्यूको अध्यक्षतामा बैठक बस्यो । उक्त बैठकले प्रतिनिधि सभा निर्वाचन सम्बन्धमा निम्न बमोजिम निर्णय गरेको हुँदा उक्त निर्णयहरू कार्यान्वयन गर्न/गराउन यो परिपत्र जारी गरिएको छ ।

१. जनता समाजवादी पार्टी, नेपालको विधान धारा- ९६ उपधारा (२) प्रतिनिधि सभाको उम्मेदवार सम्बन्धी निर्णय गरिने र विधानको धारा- ११७ उपधारा (३) मा व्यवस्था भए बमोजिम उम्मेदवार सम्बन्धी मापदण्ड र योग्यता पूरा गरेका योग्य व्यक्तिहरू मध्येबाट उम्मेदवार हुनेछ ।
२. प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति गठन नभएको स्थानमा गठन गरी र सो समितिको आयोजनामा सम्बन्धित संसदीय निर्वाचन (प्रतिनिधि सभा) क्षेत्रमा जिम्मेवारी पाउनु भएका केन्द्रीय सदस्यहरू समेतको उपस्थितिमा संगठीत पार्टी सदस्यहरूको बैठक/भेला बोलाउने र सो भेला/बैठकबाट उम्मेदवार हुन चाहने व्यक्तिहरूको नाम चयन गरी जिल्ला समितिमा पठाउने । संसदीय निर्वाचन क्षेत्र समन्वय समितिबाट प्राप्त उम्मेदवारका नामावलीहरू मध्येबाट जिल्ला समिति/कार्यकारिणी समितिले कम्तिमा ३ जना सम्मको प्रत्यक्ष उम्मेदवारहरूको नाम चयन गरी प्रदेश समितिमा पठाउने । यसरी जिल्ला समितिबाट प्राप्त उम्मेदवारका नामहरू प्रदेश समिति/कार्यकारिणी समितिले निर्णय गरी आफ्नो राय एवं सिफारिस सहित केन्द्रीय कार्यालय वा संघीय संसदीय बोर्डमा पठाउने ।
३. प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति गठन हुन नसक्ने अवस्थामा वा एक मात्र निर्वाचन रहेको क्षेत्र रहेका जिल्लामा संसदीय निर्वाचन क्षेत्र समन्वय समितिले गर्ने कार्य जिल्ला समितिले नै गर्नुपर्दछ ।



Phone: +977-01-5186392, Email: jasapanepal2077@gmail.com, Website : jspnepal.org

४. संसदीय निर्वाचन क्षेत्र समन्वय समितिले मिति २०८२ पौष १० गते भित्र जिल्ला समितिमा र जिल्ला समितिले आवश्यक निर्णयकासाथ मिति २०८२ पौष १५ गते भित्र प्रदेश समितिमा पठाइसक्नु पर्नेछ । प्रदेश समितिले जिल्ला समितिबाट प्राप्त नामावली उपर निर्णय गरी मिति २०८२ पौष २० गते भित्र अनिवार्य रूपले सम्भावित उम्मेदवारहरूको नामावली (प्रत्येक क्षेत्रबाट कम्तिमा ३ जनासम्म) केन्द्रीय कार्यालय वा संघीय संसदीय बोर्डमा पठाइसक्नु पर्नेछ ।

५. समानुपातिक तर्फ प्रत्येक जिल्लाबाट जिल्ला समितिले कम्तिमा ३ जना पुरूष र ३ जना महिला जातीय कलष्टर अनुसार समावेशी हुने गरी प्रदेश समितिमा मिति २०८२ पौष १ गते भित्र पठाउने र प्रदेश समितिले उक्त नामावली माथि छलफल गरी आफ्नो राय सहित उम्मेदवारहरूको नाम सिफारिस गरी मिति २०८२ पौष ५ गते भित्र केन्द्रीय कार्यालय वा संसदीय बोर्डमा बुझाई सक्नुपर्नेछ । समानुपातिक तर्फको उम्मेदवारहरूको सिफारिस गर्दा नागरिकता प्रमाण पत्र प्रतिलिपि निजको फोटो २ प्रति र निर्वाचन कार्यालयबाट प्रमाणित मतदाता परिचय पत्रको प्रतिलिपि समेत संलग्न गरी पठाउनुपर्नेछ ।

६. कुनै कारणवस तोकिएको निर्धारित समयभित्र प्रतिनिधि सभा निर्वाचनका लागि प्रत्यक्ष/समानुपातिक तर्फका उम्मेदवारहरूको नाम केन्द्रीय कार्यालय वा संघीय संसदीय बोर्डलाई प्राप्त नभएमा वा हुन नसकेमा संसदीय बोर्डले नै उम्मेदवारको मनोनयन गरी कार्यान्वयन गर्न सक्नेछ र सो कार्य गर्न कुनै बाधा पर्ने छैन ।

७. पार्टी विधानको धारा- ११७ उपधारा (३) बमोजिम योग्यता पूरा गरेका कुनै पनि संगठीत पार्टी सदस्यले प्रत्यक्ष तर्फ वा समानुपातिक तर्फ उम्मेदवार हुन चाहेमा सोझै केन्द्रीय कार्यालय वा संघीय संसदीय बोर्डमा उम्मेदवार हुन आवेदन दिन सक्नेछ । यसरी आएका आवेदन उपर संघीय संसदीय बोर्डले सम्बन्धीत जिल्ला र प्रदेश समितिसँग राय परामर्श गरी आवश्यक निर्णय लिन सक्नेछ ।

८. तोकिएको विधि र प्रक्रिया तथा विधानको व्यवस्था प्रतिकूल आएका उम्मेदवारका नामहरू संसदीय बोर्डलाई स्वीकार गर्न बाध्य हुने छैन । संघीय संसदीय बोर्डमा नाम पठाउदा निर्वाचन क्षेत्र समन्वय समिति, जिल्ला समिति र प्रदेश समितिले गरेका निर्णयहरू बैठकको निर्णय पुस्तिका (Minute Book) को प्रतिलिपि समेत संलग्न गरी पठाउनु पर्नेछ ।

९. उम्मेदवारहरूको अन्तिम निर्णय संघीय संसदीय बोर्डले नै गर्नेछ ।

जनता समाजवादी पार्टी, नेपाल
केन्द्रीय समिति
२०७७
PEOPLE'S SOCIALIST PARTY, NEPAL

लालबाबु राउत
महासचिव